वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सुर्खेत, कर्णाली प्रदेश, नेपाल

सूचना । सूचना ।। सूचना ।।।

## प्रथम पटक प्रकाशित मिति २०८२।०५।०४

विषयः झोलुङ्गे पुल निर्माणका लागि प्राविधिक तथा सामाजिक कार्य गर्ने परामर्शदाताको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

वीरेन्द्रनगर नगरपालिकाको आव २०८२/८३ को वार्षिक कार्यक्रम अन्तर्गत विभिन्न स्थानमा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गर्नुपर्ने भएकोले, सो कार्यका लागि आवश्यक प्राविधिक तथा सामाजिक परामर्श सेवा प्रदान गर्न सक्षम व्यक्तिगत परामर्शदाता वा दर्ता प्राप्त परामर्शदाता फर्महरूबाट प्रस्ताव पेश गर्न आह्वान गरिएको छ। इच्छुक परामर्स दाताहरूले यस Terms of Reference (ToR) अनुसार प्रस्ताव पेश गर्न सक्नु हुनेछ।

### १. कार्यको उद्देश्य (objectives)

- झोलुङ्गे पुल निर्माणमा उच्चस्तरीय प्राविधिक डिजाइन, गुणस्तर सुनिश्चितता, सामाजिक परामर्श र समुदाय सहभागिता प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।
- वातावरणीय तथा सामाजिक पक्षहरूलाई ध्यानमा राख्दै दीर्घकालीन रूपमा सुरक्षित र दिगो संरचना निर्माणमा सहयोग गर्नु।

### २. कार्यको दायरा (Scop Of Work)

प्राविधिक पक्षः

१. स्थलगत निरीक्षण, सर्वेक्षण तथा डाटा संकलन

२. प्रारम्भिक तथा विस्तृत डिजाइन तयार गर्नु

३. लागत अनुमान र प्राविधिक प्रतिवेदन तयार गर्नु

४. निर्माण कार्यको गुणस्तर अनुगमन तथा परीक्षण (Quality Assurance & Quality Control)

५. काम सम्पन्न प्रतिवेदन (Completion Report) तयार गर्नु

सामाजिक पक्षः

२. स्थानीय श्रम र स्रोतको सहभागिता सुनिश्चित गर्नु

३. लैङ्गिक समानता, सामाजिक समावेशीकरणमा ध्यान दिनु

४. वातावरणीय तथा सामाजिक प्रभाव मूल्यांकनमा सहयोग गर्नु

५. विवाद समाधान तथा समुदायबीच सहकार्य सुनिश्चित गर्नु

## ३. प्रतिवेदन ( **Deliverable**)

- Inception Report
- Survey & Design Report
- Cost Estimate & Technical Specification
- Quarterly Progress Reports
- Final Completion Report

## ४. कार्य तालिका (**Time Sehedule**)

- कार्य अवधिः [उल्लेख गर्ने] महिना
- मुख्य चरणहरूः
  १. प्रारम्भिक सर्वेक्षणः [दिन/महिना]
  २. डिजाइन र लागत अनुमानः [दिन/महिना]
  ३. निर्माण अनुगमनः निरन्तर
  ४. अन्तिम प्रतिवेदनः अन्तिम मिति भन्दा १५ दिन अगाडि

## ५. प्रस्ताव मूल्यांकन मापदण्ड (**Evaluation Criteria**)

| **मापदण्ड** | अंक (%) |
|---|---|
| **क. प्राविधिक प्रस्ताव** | **70** |
| - अनुभव (सम्बन्धित परियोजना) | 25 |
| - कार्यदलको योग्यता र अनुभव | 25 |
| - कार्यविधि र कार्यतालिका | 20 |
| **ख वित्तीय प्रस्ताव** | **30** |
| **जम्मा** | **100** |

## ६. योग्यता (**Eligibility Criteria**)

- इञ्जिनियरिङ (सिभिल) विषयमा स्नातक वा सो सरहको योग्यता (फर्मको हकमा प्राविधिक जनशक्ति सहित)
- कम्तिमा ३ वर्षको सम्बन्धित क्षेत्रमा अनुभव
- झोलुङ्गे पुल वा समान संरचना निर्माणमा प्रत्यक्ष अनुभव भएको प्रमाण
- सामाजिक परामर्श र समुदाय समन्वयमा अनुभव भएको हुनु पर्ने

## ७. प्रस्तावमा संलग्न गर्नुपर्ने कागजातहरू

१. व्यक्तिगत विवरण (Bio-data) वा कम्पनी प्रोफाइल

२. शैक्षिक योग्यता प्रमाणपत्र (व्यक्तिगतको हकमा)

३. दर्ता प्रमाणपत्र तथा नवीकरण (फर्मको हकमा)

४. अनुभव प्रमाणपत्र

५. कर चुक्ता प्रमाणपत्र

६. प्राविधिक र वित्तीय प्रस्ताव (Separate Sealed Envelopes)

७. कार्यतालिका (Time Schedule)

## ८. प्रस्ताव बुझाउने स्थान, मिति र समय

- बुझाउने स्थानः वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेत
- अन्तिम मितिः [पत्रिकामा सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्रको]
- समयः कार्यालय समय भित्र

## ९. अन्य विवरण

- विस्तृत जानकारीका लागि कार्यालय समयभित्र वीरेन्द्रनगर नगरपालिका को प्राविधिक शाखामा वा **मोवाईल नं ९८४८०२७२९६ (रामचन्द्र गौतम सव ईन्जिनियर)** सम्पर्क गर्न सकिने छ ।
- म्याद नाघेको वा अपूर्ण प्रस्ताव अस्वीकृत गरिनेछ।
- नगरपालिका कार्यालयले कुनै पनि प्रस्ताव पूर्ण वा आंशिक रूपमा अस्वीकार गर्ने अधिकार राख्दछ।

प्रमुख प्रशासकीय अधिकृत
वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत